# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड - ५ राजापुर, बैशाख २६ गते २०८० साल संख्या - ४

# भाग २

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८०।०१।२२ गते पारित भई नगर प्रमुखबाट मिति २०८० बैशाख २६ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## स्थानीय सरकारको करार खेती कार्यक्रम सञ्चालन कार्यविधि २०७९

प्रस्तावना :

राजापुर नगरपालिका भित्ररहेका कृषि योग्य, बाँझो जग्गाको अधिकतम उपयोग गरि व्यवसायिक रुपमा खेति गर्न सक्ने वा चाहाना भएको कृषक, सहकारी, कृषि समूह, कृषि फार्मलाई कृषि व्यवसायमा संलग्न गराई समग्र राजापुर नगरपालिकाको कृषि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले नगरपालिका स्थित कृषि शाखाको वार्षिक कार्यक्रम अर्न्तगत करार खेती कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न लुम्विनी प्रदेशको अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन २०७६ को दफा ४ को उपदफा ३ अनुसार भूमि व्यवस्था स्थानीय करार खेती सञ्चालन कार्यविधि २०७९ प्रस्तुत गरिएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्य विधिको नाम स्थानीय सरकारको करार खेती कार्यक्रम सञ्चालन कार्यविधि २०७९ रहेको छ ।

(ख) यो कार्य विधि नगरकार्यपालिकाले अनुमोदन पश्चात लागु हुनेछ ।

(ग) यो कार्य विधि राजापुर नगरपालिकामा लागु हुनेछ ।

२. परिभाषाः विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) करार खेती गर्ने कृषक भन्नाले व्यवसायिक रुपमा खेती गर्न ईच्छा भएका तर आफ्नो जग्गा प्रशस्त नभएका, भाडामा खेती गर्न सक्ने कृषक वा कृषक समूह तथा निजी फार्म र सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(ख) कृषि शाखा भन्नाले राजापुर नगरपालिकामा रहेको कृषि सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

(ग) स्थानीय सरकार भन्नाले राजापुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) अनुदान भन्नाले राजापुर नगरपालिकाले निश्चित सर्त पालना गर्ने गरि उपलब्ध गराएको नगद, विउ विजन मल, जग्गम भडा बापतको रकम आदिलाई सम्झनुपर्दछ ।

३. उद्देश्यहरुः यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन ।

(क) व्यवसायिक रुपमा खेती गर्न सक्ने कृषक वा कृषक समूह वा फार्मलाई खेतीमा संलग्न गराउने ।

(ख) कृषि योग्य बाँझो जग्गाको अधिकतम उपयोग गरि उत्पादन बढाउने ।

(ग) बढ्दै गएको वेरोजगारी समस्या हल गर्ने ।

(घ) राजापुर नगरपालिकाको समग्र कृषि उत्पादनमा वृद्धि गर्ने ।

परिच्छेद २

## कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी व्यवस्था

४. कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी व्यवस्थाः

(क) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले जग्गा भाडामा लिई व्यवसायिक खेती गर्न चाहेमा भाडाको रकम प्रतिवर्ष ५० प्रतिसतको दरले तिन वर्ष सम्म अनुदान उपलब्ध गराईने छ भने चौथो वर्ष देखि अनुदान उपलब्ध गराईने छैन ।

(ख) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले पाउने जग्गाको भाडा स्थानीय दररेट भन्दा बढी नहुने गरि प्रति बिघा बढीमा रु ४०,०००/- अक्षरुपी चालीस हजार मात्र) मा नबढाई जग्गा धनी र किसान बिचको सम्झौता बमोजिम कायम गरिनेछ ।

(ग) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले एकल वा समूहमा बढिमा एक .विघा हुने गरि खेती गर्नु पर्नेछ । करार खेती गर्ने किसानले कृषि उत्पादनका लागि गुठी, नीजि, सरकारी, सार्वजनिक वा संस्थाको जमिन भाडामा लिन सक्नेछ ।

(घ) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले एक वर्षे वा सो भन्दा कम अवधिको वाली लगाउने भए कम्तिमा तिन वर्षको करारनामा भएको हुनुपर्नेछ ।

(ङ) गुठी वा सार्वजनिक संस्था तथा अन्य सरकारी जग्गाहरुको हकमा भने सम्बन्धित निकाय र वडा का साथै नगरपालिकाको अनुमति पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

(च) यस कार्यक्रमबाट करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मलाई बढीमा एक विघा सम्मको भाडावापतको रकम मात्र उपलब्ध गराईनेछ ।

(छ) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले खेति गर्दा कम्तिमा एक वर्षको कार्य योजना निर्माण गरि कृषि प्राविधिकको सल्लाहमा वालीपात्रो समेत तयार गरि व्यवसायिक कृषी गर्नुपनेछ । उक्त कार्य योजना तथा वाली पात्रो प्रस्तावसंग पेश गर्नुपर्नेछ ।

(ज) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले जग्गा भाडामा लिई व्यवसायिक खेती गर्न निशुल्क प्राविधिक सेवा तथा अन्य शिर्षकमा उपदफा (ढ) मा रहेको तालिका नं १ बमोजिम अनुदान रकम उपलब्ध गराईनेछ ।

(झ) कार्यक्रम कार्यान्वयन गर्न नगरपालिका तथा वडाले वार्षिक बजेटमा व्यवस्था भएको बजेटको सिमा भित्र रही अनुदान उपलब्ध गराउनेछ । तर यस कार्यविधिमा रहेका सर्तहरु अनुसार काम नभएमा अनुदान उपलब्ध गराईने छैन । करार खेती गर्नको लागि आवश्यक कागजात तथा मापदण्ड अनुसूचि २ बमोजिम हुनेछ ।

(ञ) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले व्यवसायिक खेती गर्न नगरपालिका वा वडा तथा मातहतको कार्यालयमा अनुसूचि ४ अनुसारको प्रस्ताव तयार गरि पेश गर्नुपर्नेछ ।

(ट) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले अनुदान लिन व्यवसायिक खेती गर्न जग्गा भाडामा लिने र दिने बिच भएको करारनामा पत्र व्यवसायिक

योजना साथ संलग्न गरि नगरपालिका, सम्बन्धित वडा तथा मातहतको कार्यालयमा पेश गर्नुपर्नेछ । यस्तो करारनामा सम्वन्धित वडाको रोहबर र रेखदेखमा हुनेछ ।

(ठ) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले पेश गरेको व्यवसायिक योजना कार्यक्रम सम्बन्धीत वडा वा योजना शाखाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(ड) व्यवसाय उन्मुख सम्भाव्यता भएका करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले कृषि प्राविधिकको प्रत्यक्ष संलग्नता गराएको हुनुपर्नेछ ।

(ढ) करार खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले देहाय बमोजिमको कार्यक्रमको लागि तालिका नं १ मा उल्लेखित अनुदान उपलब्ध गराउन सकिनेछ ।

तालिका
नं १

| करार खेतीको लागि दिने अनुदान रकम | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | अनुदानको किसिम | अनुदानको दर | अनुदान प्रतिशत | कैफियत |
| १ | करार खेतीमा अनुदान कार्यक्रम | जग्गा भाडा | प्रति विघा बढीमा ४०,०००/- | प्रति वर्ष ५० प्रतिशत को दरले तिन वर्ष सम्म | |

५. व्यवसायिक कार्ययोजना माग तथा छनौट विधिः

(क) यस कार्यविधि अनुरुप जग्गा भाडामा लिई व्यवसायिक खेती गर्न ईच्छुक कृषक वा कृषक समूह वा फार्मबाट दफा ४को उपदफा (क) र (ख) बमोजिम अनुदानको लागि नगरपालिका, वडा तथा मातहतको कार्यालयमा अनुसूचि

१ बमोजिम ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरि प्रस्ताव आह्वान गर्नेछ ।

(ख) यसरी आह्वान गरिने सूचनामा अनुदान प्राप्त गर्न कृषक वा कृषक समूह वा फार्मले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु एवंम व्यवसायिक योजनामा उल्लेख हुनुपर्ने विवरणहरु तथा कागजात स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(ग) कृषक वा कृषक समूह वा फार्मले सार्वजनिक सूचनामा तोकिएको मितिभित्र तोकिएको कार्यालयमा यस कार्यविधिको अनुसूचि ४ अनुसारको आयोजना प्रस्ताव, अनुसूचि ७ बमोजिमको ढाँचामा सम्बन्धित वडाको सिफारिस पत्र र जग्गा भाडामा लिएको करारनामा सहित अनुसूचि ३ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(घ) जग्गा भाडामा लिई व्यवसायिक कृषक वा कृषक समूह वा फार्मबाट पेश भएको प्रस्तावको क्षेत्र प्रमाणिकरण गरि मातहत कार्यालयले वडाकार्यालयमा पेश गर्नुपनेछ ।

(ङ) न्यून आए भएको र व्यवसायिक रुपमा तरकारी, नगदे बाली, माछापालन, पशुपालन, वा खाद्य बाली उत्पादन गर्ने कृषकलाई प्राथमिकता दिईनेछ ।

(च) सिफारिस भएका प्रस्तावहरुको कार्यक्रम व्यवस्थापन समितिले अनुसूचि ६ का आधारमा मूल्याङ्कन गरि अन्यलाई समेत प्राथमिताक्रम तोक्नेछ ।

(छ) कार्यक्रमको क्षेत्र तथा आयोजनाको संयूक्त अनुगमन टोलिमा नगरप्रमुख, नगरउपप्रमुख, वडाका प्रतिनिधि र मातहत कार्यालयको प्राविधिक रहने छन ।

६. अनुदान प्रवाह विधिः जग्गा भाडामा लिई व्यवसायिक खेती गर्ने कृषक वा कृषक समूह वा फार्मलाई अनुदान प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछ ।

(क) अनुदानको लागि अन्तिम छनौटमा परेको प्रस्तावका वारे सम्बन्धित कृषक वा कृषक समूह वा फार्मलाई यथासिघ्र पत्राचार गरि सम्झौताको लागि वडा

तथा मातहतको कार्यालयले जानकारी गराउनेछ । नगरपालिका, वडा र मातहतका रोहवरमा छनौट भएका कृषक वा कृषक समूह वा फार्मसंग अनुसूचि ५ बमोजिमको ढाँचामा सम्झौता गराउनेछ ।

(ख) अनुदानग्राही कृषक र जग्गा धनी बिच जग्गा करारनामा गर्दा स्थानीय सम्बन्धित वडाको रोहवरमा गनुपर्नेछ ।

(ग) अन्तिम छनौटमा परेको कुनै कृषक वा कृषक समूह वा फार्मले तोकिएको समय भित्र सम्झौता गर्न नआएमा प्राथमिकताक्रम अनुसार वैकल्पिक सूचिमा परेका कृषक वा कृषक समूह वा फार्मसंग सम्झौता गरि कार्य अगाडी बढाईनेछ ।

(घ) अनुदानको लागि छनौट भएका कृषक वा कृषक समूह वा फार्मले सम्झौता गर्नु अगावै कार्ययोजना अनुसारको कार्य गर्ने प्रतिवद्धता सहित जग्गा धनीहरु र वडा तथा मातहतको कार्यालयसंग औपचारिक करारनामा वा स्वीकृती पत्र प्राप्त गरिसकेको हुनुपर्नेछ ।

(ङ) अनुदान रकम बढी प्राप्त गर्ने मनसायले मिलेमतो गरि अस्वाभाविक भाडा सम्झौता गरेको पाइएमा निर्णयकर्ता र सेवाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(च) जग्गा भाडावापतको रकम सम्बन्धित जग्गाधनीको मन्जुरीनामा र वडा वा मातहत कार्यालयको प्राविधिकको सिफारिसमा एसिपेयी चेक मार्फत भूक्तानी गरिनेछ । कार्य सम्पन्न प्रतिवेदनका आधारमा करार खेती सम्पन्न भएपछि छ महिना भित्र भाडा भूक्तानी दिईनेछ ।

(छ) सम्झौता गरिएका कृषक वा कृषक समूह वा फार्मले सम्पादन गरेको कार्यक्रमको वार्षिक प्रगति विवरण नगरपालिका वा वडाका मातहतको कार्यालयले तयार गरि पेश गर्नुपर्नेछ ।

(ज) सम्झौता गरिएका कृषक वा कृषक समूह वा फार्मले बाली पात्रो तथा कार्ययोजना बमोजिमको कार्य सन्तोषजनक रुपमा सम्पादन नगरेको पाईएमा उक्त सम्झौता कुनै पनि बेला रद्ध गरिनेछ ।

७. भूक्तानीको लागि पेश गर्नुपर्ने कागजात: (१) काम सम्पन्न गरि भूक्तानीको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखि पेश गर्नुपर्नेछ :

(क) सम्झौता पत्रको प्रतिलिपि

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिएको बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण

(ग) निर्माण कार्यको हकमा प्राविधिकले तयार गरेको विल कार्यसम्पन्न प्रतिवेदन र नापी किताबको सक्कल प्रतिलिपि

(घ) विल विजकहरुको सक्कल प्रति

(ङ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो

(च) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन

(छ) सूचना पाटि होडिङ्ग बोर्डको फोटो

(ज) समूह सहकारीको हकमा आवश्यक निर्णयहरुको प्रतिलिपि आदि

(झ) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम अनुदान रकम उपलब्ध गराईनेछ ।

८. रकम उपलब्धताका आधारहरु: अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भूक्तानी गरिनेछ ।

(क) एकै प्रकारको कार्यक्रम दोहोरो पर्ने गरि समावेश गराईने छैन ।

(ख) यस कार्यक्रम सञ्चालन हुनुभन्दा अगाडी कृषि विशेष अनुदान प्राप्त गरेकालाई सहभागी गराईने छैन ।

(ग) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन ।

(घ) कार्य प्रगति र कायृ सम्पन्नता पश्चात मात्र रकम भूक्तानी दिईनेछ ।

(ङ) कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राख्नुपर्नेछ ।

(च) कार्य सम्पन्न भए पत्तचात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई सहित तोकिएको समय भित्र भूक्तानी माग गर्नु पर्नेछ ।

परिच्छेद ३

समिति सम्बन्धी व्यवस्था

९. समिति सम्बन्धी व्यवस्था: (१) यस कार्य विधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागिख देहायबमोजिमको निर्देशक समिति गठन हुनेछ ।

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगरउपप्रमुख – सदस्य

(ग) नगरपालिका प्रमुख प्रशासकिय अधिकृत – सदस्य सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष अध्यक्ष

(ख) सम्बन्धित वडाको निर्वाचित वडा सदस्य सदस्य

(ग) सम्बन्धित वडाको निर्वाचित वडा सदस्य सदस्य

(घ) सम्बन्धित वडाको निर्वाचित महिला वडा सदस्य सदस्य

(ङ) सम्बन्धित वडाको महिला कार्यपालिका सदस्य सदस्य

(च) सम्बन्धित वडाले छनौट गरेको विषय विज्ञ सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव सदस्य सचिव

(४) बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) कार्यक्रम व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्वीकृत कार्य योजना अनुसार कार्य भए नभएको तथा अनुदान रकम सदुपयोग भए नभएको अनुगमन गर्ने गराउने ।

(ख) यस कार्य विधिको कार्यान्वयन कुनै बाधा अड्चन उत्पन्न भएमा बाधा अडकाउ फुकाउने कार्य गर्ने ।

(ग) लक्षित वर्गका समुदायका कृषकहरुको गरिवी न्यूनीकरणका लागि अन्य कार्यक्रम तथा सुझाव दिने ।

(घ) कार्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित कर्मचारी तथा अनुदानग्राहीलाई सल्लाह सुझाव दिने ।

(ङ) अनुगमन कार्यका लागि आवश्यकताका आधारमा निर्देशन समिति लगाएत सम्बन्धित विज्ञहरुलाई अनुरोध गर्ने र त्यसको व्यवस्था मिलाउने ।

(६) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरि कार्यक्रम व्यवस्थापन समितिमा सिफारिस गर्न देहाय बमोजिमको मूल्यांकन समिति तथा सिफरिस समिति गठन हुनेछ ।

(क) नगरपालिका कृषि सेवा केन्द्रको अधिकृत अध्यक्ष

(ख) नगरपालिका सामाजिक विकास शाखा सदस्य (ग)

नगरपालिका रोजगार शाखा सदस्य

(घ) आर्थिक प्रशासन शाखा सदस्य

(ङ) नगरपालिका योजना शाखा सदस्य सचिव

(७) मूलाङ्कन तथा सिफारीस समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ । साथै निर्देशक समितिको परामर्श अनिवार्य लिनेछ ।

(८) यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) ईच्छुक कृषकहरबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरि छनौट तथा स्वीकृतीको लागि कार्यक्रम व्यवस्थापन समिति र निर्देशक समितिमा प्राथमिकताका आधारमा पेश गर्ने ।

(ख) मूल्याङ्कनको क्रममा आवश्यकताका आधारमा स्थलगत निरिक्षण तथा अनुगमन गर्ने गराउने ।

(ग) मूल्याङ्कनका आधारहरु प्रष्ट खुल्ने गरि राख्ने र सोहीमुताविक गर्ने ।

(९) कार्यक्रमहरु सञ्चालनमा आएपश्चात नियमित अनुगमन तथा मूल्याङ्कन कार्य नगरपालिका निर्देशक समिति, र मातहतका कार्यालयबाट हुने व्यवस्था मिलाईने छ ।

परिच्छेद ४

अनुगमन र समन्वय

(१०) अनुगमन : (१) अनुदान प्रापत कृषक वा कृषक समूह वा फार्मले गर्ने खेती कार्यक्रमको अनुगमन नगरपालिका निर्देशक समिति, व्यवस्थापन समिति र मातहतका कार्यालयले छुट्टा छुट्टै वा संयूक्तरुपमा गर्न सक्नेछन । अनुगमनको प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नुपर्नेछ । (३) उपदफ (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहने छ ।

११. समन्वयः नगरपालिकाले करार खेती व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवला स्थानीय सरकारी निकाय, जिल्ला स्थित ज्ञानकेन्द्र वडाहरु बिच समन्वय गर्नेछ ।

## परिच्छेद ५

विविधः

(१२) कारवाहीको व्यवस्था : कार्यक्रम सञ्चालन गर्दा नगरपालिका तथा सम्बन्धित निकायले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नुपर्नेछ ।

(१४) प्रचलित कानुन लागुहुने : यस कार्यक्रमको कायान्वयनको सम्बन्धमा यसै कार्यविधि बमोजिम व्यवस्था भएकोमा सोही बमोजिम तथा यस कार्यविधिमा व्यवस्था नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्धिवाधा उत्पन्न भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ ।

(१५) संशोधन तथा परिमार्जनः (क) यस कार्यविधिमा केही संशोधन गर्नुपर्ने भएमा नगरकार्यपालिकाको सहमति लिएर वडाकार्यालयले संशोधन गर्न सक्नेछ । तर त्यसको औचित्य पुष्टि भने गर्नु पर्नेछ ।

(ख) नगरकार्यपालिकाले आवश्यकताको आधारमा कार्यविधिको अनुसूचिहरुमा आवश्यकता अनुसार परिमार्जन गर्न वा थप्न सक्नेछ ।

अनुसूचि १

(दफा ५ को उपदफा (क) संग

सम्बन्धित ) करार खेती कार्यक्रम सञ्चालन सम्बन्धी सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशित मितिः ....................................

राजापुर नगरपालिका बर्दिया वडानं..................... राजापुर नगरपालिकाद्धारा आ.व..................को करार खेती मार्फत व्यवसायिक खेतीमा अनुदान उपलब्ध गराउने रहेकोले ईच्छुक व्यक्ति समूह फार्मले आवश्यक कागजात सहितको निवेदन यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी आवश्यक कागजात तथा मापदण्ड सम्बन्धी थप जानकारी नगरपालिकाको वेवसाईट ..........................बाट वा राजापुर नगरपालिका वडानं ......................मा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ । अनुसूचि २

(दफा ४ को उपदफा (झ)संग सम्बन्धित)

करार खेति कार्यक्रममा सहभागी हुँदा आवश्यक पर्ने कागजात तथा मापदण्डहरु

(१) नगरपालिका भित्रका आवेदक तथा भूमिहिन कृषकलाई प्राथमिकता दिईनेछ ।

(२) भाडामा लिईने जग्गा सरकारी, सार्वजनिक, गुठी, विद्यालय, संस्था, व्यक्तिगत, बाँझो जग्गा कुनै पनि हुन सक्ने छ । तर प्रस्तावको मूल्याङ्कन गर्दा भाडामा लिएको जग्गालाई निम्न प्राथमिकता अनुसार मूल्याङ्कन गरिनेछ ।

– पहिलो प्राथमिकताः सरकारी स्वामित्वमा रहेको जग्गा

– दोश्रो प्राथमिकता : गुठी विद्यालय वा अन्य संस्थाको जग्गा

– तेश्रो प्राथमिकता : अनुपस्थित जग्गा धनीहरुको बाँझ जग्गा

– चौथो प्राथमिकता : अनुपस्थित

जग्गाधनीहरुको खेती भईरहेको जग्गा – पाचौं

प्राथमिकता : उपस्थित जग्गाधनीहरुको खेती

भईरहेको जग्गा नोटः जग्गाको प्राथमिकिकरण
अवस्था अनुसार
परिवर्तन गर्न सकिन्छ

(३) एक वर्षिय बाली लगाउने भए कम्तिमा ३ वर्षको करारनामा हुनुपर्नेछ र उक्त करारनामा सम्बन्धित वडाको रोहवरमा हुनुपर्नेछ ।

(४) भाडामा जग्गा लिदा कम्तिमा ०-५-० विघा हुनुपर्नेछ । सो जग्गा एक वा सो भन्दा बढी व्यक्ति, संस्था वा फार्मको पनि हुन सक्नेछ ।

(५) पशुपालनको हकमा घाँस उत्पादन क्षेत्र बाहेक कम्तिमा एक विघा जग्गा रहेको हुनुपर्नेछ ।

(६) जग्गा धनी र भाडा लिने कृषक समूह वा फार्म बिचको सम्झौता स्थानीय सम्बन्धित वडाको रोहवरमा गरिएको हुनुपर्दछ ।

(७) यसरी जग्गा भाडामा लिई खेति गर्ने कृषक समूह फार्मलाई राजापुर नगरपालिका वा सम्बन्धित वडा कार्यालयले प्रति वर्ष ५०% का दरले जग्गा भाडा उपलब्ध गराउने छ ।

(८) यसरी भाडामा लिई खेती गर्ने कृषक, समूह वा फार्मले पूरा समय अवधि खेती गर्ने प्रतिवद्धता जनाउनुपर्ने र बिचमा सम्झौता तोडिएको अवस्थामा भाडा रकम सम्बन्धित कृषक, समूह, वा फार्मबाट असुल उपर गर्न सकिनेछ ।

(१०) करार खेती गर्न ईच्छुक कृष, कृष समूह वा फार्मले अनुसूचि ३ र ४ बमोजिमको ढाँचामा निवेदन र आयोजनाको प्रस्ताव पेश गर्नुपर्नेछ ।

(११) करार खेती गर्ने कृषक, समूह वा फार्मले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि निवेदनसंगै पेश गर्नु पर्नेछ ।

(१२) सम्भाव्यताको आधारमा कृषि सेवा केन्द्र वा मूल्याङ्कन समितिको सिफारिस पत्र समावेश गर्नुपर्नेछ ।

अनुसूचि ३

दफा ५ को उपदफा (ग) संग सम्बन्धित

<u>करार खेती कार्यक्रम सञ्चालन सम्बन्धी आवेदन पत्रको निवेदन ढाँचा</u>

मितिः....................

श्री सचिव ज्यू

.....वडा कार्यालय, राजापुर नगरपालिका बर्दिया   विषयः करार खेती ( कृषि तथा पशुपन्छी पालन) व्यवसायिक कृषि कार्यक्रमका लागि प्रस्ताव पेश गरेको बारे ।

म
ह
ो
द
य
,

राजापुर नगरपालिकाको मिति ........................मा प्रशारित वयेवसाईट र .......................पत्रिकामा प्रकाशित सूचना अनुसार मैले/हामीले कृषि खेती

गर्नको लागि जग्गा करारमा लिई ................व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने भउकोले तलशिल अनुसारका कागजात संलग्न गरि यो निवेदन पेश गरेको छु /छौं । उक्त कार्यक्रम प्राप्त भएमा सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्नेछु / गर्नेछौं र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागिदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं । पूनश्च आवेदन साथ तपशिलका अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं । तपसिल:

१. अनुसूचि ४ अनुसारको आयोजना प्रस्ताव

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

३. जग्गाधनी र भाडामा लिने कृषक वा कृषक समूह वा फार्म बिचको सम्झौता सम्बन्धित वडाको रोहवरमा गरिएको प्रतिलिपि

४. जग्गा धनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि

५. खेती गर्ने कृषक वा कृषक समूह वा फार्मले सम्झौता अवधिभर खेती गर्ने प्रतिवद्धता पत्र

६. भूमिहिन वा गरिव कृषको हकमा जग्गाको स्वामित्य स्पष्ट खुलने गरि सम्बन्धित वडा कार्यालयको गरिव किसानको सिफारिस पत्र

७. कृषिसेवा केन्द्र वा पशु सेवाकेन्द्रको विज्ञको सिफारीस पत्र ( कृषिको लागि कृष्सिेवा केन्द्र र पशुपंछिकको लागि पशु सेवा केन्द्र)

निवेदन दिनेको तर्फबाट

नाम:

ठेगाना:

दस्तखत

मितिः

सम्पर्क नं.:

अनुसूचि ४

(दफा ५ को उपदफा (ग) सम्बन्धित )

.१ १ करार खेती कार्यक्रम सञ्चालन प्रस्ताव ढाँचा

| कार्यालय प्रयोजनको लागि मात्र | | | |
|---|---|---|---|
| कार्यक्रम संकेत नं | | प्राथमिकरण | |

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण

| आवेदकको विवरण | |
|---|---|
| नाम थरः | |
| ठेगानाः | |
| नागरिकता नंः | |
| बैवाहिक स्थितिः | |
| आवेदकको किसिम ( भूमिहिन वा अन्य): | |
| परिवारमा श्रम गर्ने सदस्य संख्या : | |
| आफूसंग रहेको जमिनको क्षेत्रफल र किसिमः | |

<table>
<tr><td colspan="2">परिवारका अन्य सदस्यको वैकल्पिक<br>पेशा र मासिक आम्दानी:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">सम्पर्क नं:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">ईमेल ठेगाना :</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">प्रस्तावित आयोजना स्थल<br>नगरपालिका:</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">वडा: भाडामा लिने जग्गाको कुल क्षेत्रफल:</td><td colspan="2"></td></tr>
<tr><td>भाडामा लिने<br>जग्गाको<br>स्वामित्व ( जग्गा<br>धनीको नाम थर:<br>ठेगाना:<br>सम्पर्क नम्बर:</td><td>जग्गाको कित्ता नं :</td><td>क्षेत्रफल</td><td>वार्षिक भाडादर<br>प्रति विघा</td></tr>
<tr><td colspan="4">कृषि व्यवसायको विवरण (वर्ष<br>भरिमा )</td></tr>
<tr><td colspan="2">प्रस्तावित आयोजनाको कूल खर्च रकम</td><td>जम्मा लागत</td><td>अनुदान माग रकम</td></tr>
<tr><td colspan="2">पूर्वाधार विकास खर्च</td><td></td><td></td></tr>
<tr><td colspan="2">भाडा</td><td></td><td></td></tr>
<tr><td colspan="2">उत्पादन सामाग्री</td><td></td><td></td></tr>
<tr><td colspan="2">अन्य खर्च</td><td></td><td></td></tr>
<tr><td colspan="2">भाडा</td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा खर्च</td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा आम्दानी अनुमानित</td><td></td><td></td></tr>
<tr><td colspan="2">पहिलो वर्ष</td><td></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| दोश्रो वर्ष | | |
| तेश्रो वर्ष | | |

(२) प्रस्तावित आयोजना

सम्बन्धमा क) प्रस्तावित

आयोजनाको

शीर्षक/विषयः (ख)

पृष्ठभूमिः

(ग) उद्देश्यहरुः

(घ) सामूहिक प्रस्तावको हकमा प्रस्तावित आयोजनामा प्रत्यक्ष लाभान्वित हुने घरधुरी संख्याः

(ङ) खेती गर्ने वालीको विस्तृत विवरणः

| पशु | संख्या | बाली/खेती | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(च) आवेदकको अनुभव/कृषि सम्बन्धी तालीम र शैक्षिक योग्यता

(छ) करार खेती कार्यक्रम सञ्चालन पश्चात क्षेत्रफल करार खेतीबाट हुने प्रत्यक्ष उत्पादन, उत्पादकत्व, विक्री परिमाण जस्ता जस्ता विषयहरुको वृद्धि गुणस्तर सुधारको साथै माथि उल्लेखित गरिएका समस्या तथा चुनौतिहरु समाधान गर्न के कसता कार्यक्रम तथा उपलब्धी हासिल गर्न खोजिएको हो वर्णन गर्नुहोस ।

१.) लाभान्वित हुने घरधुरी संख्या

२.) बाली वा वस्तुले ढाक्ने क्षेत्रफल

३.) उत्पादन परिमाण वार्षिक)   ४.)

वार्षिक आम्दानी रु

५.) थप रोजगारी संख्या स्थायी............अस्थायी.......

६.) यदि अरु थप केही भएमा उल्लेख गर्नुहोस

(ज) आयोजना सञ्चालनको लागि  आर्थिक प्रस्ताव

| खर्चको किसिम अनुसार आयोजनाको कुल लागत | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | क्रियाकलाप | लागत विवरण | | | |
| | | इकाई | परिमाण | दर | जम्मा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| | जम्मा रु | | | | |

अनुसूचि ५

(दफा ६  को खण्ड (क) संग सम्बन्धित)

<u>सम्झौता पत्रको नमुना</u>

..............................बाट सञ्चालन गरिने चालु आ.व. ................को स्वीकृत कार्यक्रम अनुसार जग्गा करारमा लिई व्यवसायिक खेती कार्यक्रम सञ्चालन गर्नका लागि राजापुर नगरपालिका वडानं ...........को कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र कार्यक्रम सञ्चालन गर्न छनौट भएका कृषक/कृषक समूह/फार्म श्री .................................यस पछि दोश्रो पक्ष भनिने) का विच तपसिलका शर्तनामाहरको अधिनमा रही कार्यक्रम सञ्चालन गरि सम्पन्न गर्न द्धिपक्षिय सम्झौता गरिएको छ ।

तपसिल:

१. प्रथम पक्षले दोश्रो पक्षलाई कार्यक्रम सञ्चालन गर्न जग्गा भाडाको लागि जम्मा .........रकम उपलब्ध गराउनेछ । जग्गा भाडाको हकमा प्रति वर्ष एकै किस्तामा छ महिना भित्र भूक्तानी गरिनेछ ।

२. संलग्न क्रियाकलापको लागि मात्र अनुदान रकम भूक्तानी हुनेछ ।

३. प्रथम पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाइएमा निजबाट सो रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

४. खेती व्यवसायबाट उत्पादित कृषि उपजको बजार व्यवस्था दोश्रो पक्षले गर्नुपर्नेछ ।

५. प्रथम पक्षले खेती व्यवसायलाई सफल पार्न नियमितरुपमा अनुगमन गर्न सक्नेछ ।

६. अनुदान प्राप्त कृषक वा कृषक समूह वा फार्मले वार्षीक रुपमा  सम्बन्धित वडा कार्यालयमा वा राजापुर नगरपालिकाको कार्यालयमा प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ ।

७. यस सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

८. नगरपालिका, वार्ड वा अन्य मातहतका कार्यालयबाट हुने अनुगमन तथा अवलोकन, निरिक्षण र अनुसन्धानकोलागि दोश्रो पक्षले सहयोग गर्नुपर्ने छ ।

९. यस सम्झौतामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

कार्ययोजना:

| विवरण | इकाई | परिमाण | दर | जम्मा | स्वलगानी | अनुदान |
|---|---|---|---|---|---|---|
| जग्गा भाडा | | | | | | |
| उत्पादन सामाग्री | | | | | | |
| खोर | | | | | | |
| खेती गर्ने टहरा | | | | | | |
| पावरटेलर | | | | | | |
| पम्पसेट/बोरिङ्ग मोटर मेसिन | | | | | | |
| पलाष्टिक घर वा टनेल | | | | | | |
| अन्य औजार खुलाउने | | | | | | |
| भण्डारण घर | | | | | | |
| | | | | | | |

नोटः उल्लेखित भन्दा अन्य क्रियाकलाप वा सामाग्री खरिद गर्नुपरेमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

प्रथम पक्ष दोश्रो

पक्ष वडाकार्यालयबाट सही गर्नेको नामः

नामः पदः

पदः दस्तखत :

दस्तखत : मितिः

मिति : कार्यालयको छाप

साक्षी साक्षी :

मिति : २०..........साल

......महिना.........गते.........रोज शुभम ।

अनुसूचि ६

(दफा ५ को उपदफा (च)संग

सम्बन्धित ) अन्तिम

मूल्यांकन आधार

१. कृषक/कृषक समूह/फार्मको नामः

२. ठेगाना :

३. सम्पर्क व्यक्तिको नामः

४. सम्पर्क नं. : कार्यक्रम छनौटका लागि क्षेत्रगत विषयहरु

| क.सं. | मूलांकनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यवसायिक योजना | ३० | | |
| २ | सामाजिक समावेशिता | १५ | | दलित महिला भए १५ अंक, महिला वा दलित भए १२ अंक जनजाती भए १० अंक, अन्यलाई ८ अंक |
| ३ | आर्थिक अवस्था | १५ | | भूमिहिन विपन्न भए १५ अंक, साना किसान भए १२ अंक, अन्यलाई १० अंक |

| | | | | |
|---|---|---|---|---|
| ४ | थप रोजगारी सिर्जना | १० | | ५ जना पूर्ण रोजगार हुने भए १० अंक, ३ जना पूर्ण रोजगार हुने भए ८ अंक, ३ भन्दा कम हुने भए ६ अंक |
| ५ | खेती गर्ने प्रस्तावित जग्गाको क्षेत्रफल | १० | | १ विघाको लागि ६ अंक, ३ विघा सम्मको लागि ८ अंक, ३ विघा भन्दा माथि भए १० अंक |
| ६ | कृषि सम्बन्धी तालिम, अध्ययन भएको | १० | | एक महिना भन्दा बढी लिएको भए १० अंक, दुईहप्ता सम्मको तालिमलाई ८ अंक, एक हप्ता वा कम लिएको भए ६ अंक |
| ७ | भौतिक पूर्वाधार( सिंचाइ, सडक,विद्युत आदिको उपलब्धता) | १० | | हाल ३ वटै सुविधा भएको १० अंक, सम्भावना भएको ८ अंक, नखुलेको ६ अंक |
| | जम्मा | १०० | | |

अनुसूचि ७

दफा ५ को उपदफा (ग) संग सम्बन्धित

सिफारिस समितिका सिफारिसको ढाँचा

श्री वडा अध्यक्ष ज्यू,

राजापुर नगरपालिका वडानं .......को कार्यालय
राजापुर बर्दिया विषयः सिफरिस सम्बन्धमा । प्रस्तुत विषयमा यस नगरपालिका वडानं ......... टोल/गाउँ बस्ने श्री ...................ले देहायको तालिकामा उल्लेख भएका जग्गाधनीहरुको जम्मा .................विघा/कट्ठा /हेक्टर जग्गा भाडामा लिई सम्झौता बमोजिमको खेती /पशुपालन गरिरहेको र नीजले कृषि उत्पादन र उत्पादक्त्व बढाउन सहयोग पुराउन सक्ने देखिएकोले निजलाई तहाँ निकायको सम्झौता अनुसार राजापुर नगरपालिका वडा नं .....बाट पाउने पूर्वाधार विकास खर्च/जग्गा भाडामा पाउने अनुदान रकम उपलब्ध गराईदिनुहुन सिफारिस साथ अनुरोध छ ।

| क.सं. | जगगाधनीको नाम थर ठेगाना | भाडामा दिएको जग्गाको कित्ता नं | जग्गाको कुल क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

दस्तखतः...................................
पदाधिकारीको नाम थरः
..................................
मिति
:....................................
................ कृषि सेवा केन्द्रको छाप

..............................

आज्ञाले

महेन्द्रजङ्ग शाही

प्रमुख प्रशासकीय अधिकृत